मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

(सामान्य प्रशासन शाखा)

मन्थली, रामेछाप

बागमती प्रदेश, नेपाल

प.सं.:-०८०/८१

च.नं.:- ३६३१

फोन नं. -०४८-५४०११२

:- ०४८-५४०५३२

सूचना ! सूचना !! सूचना !!!

मिति २०८१/३/१२

सार्वजनिक जग्गाको अतिक्रमण रोक्ने र व्यक्तिको आवादी वाहेकको सार्वजनिक जग्गामा घर, टहरा, छाप्रा, ग्यारेज आदी लगाएतका अवैध संरचना बनाउन नदिने र बनाएको पाइएमा हटाउदै जाने नेपाल सरकारको नीति भएको र यसै सन्दर्भमा केहि गुनासो एवं उजुरी जिल्ला प्रशासन कार्यालय रामेछापमा परेको र यस सम्बन्धमा जिल्ला प्रशासन कार्यालयको समन्वयमा नगर प्रमुख सहित सरोकारवालाको वैठकबाट मन्थली बजार र आसपासका महत्वपूर्ण स्थानको अतिक्रमण भएका सार्वजनिक जग्गाहरुको संरक्षण स्थानीय तहबाटै गर्दै जानु पर्ने देखिन्छ। उक्त कार्यमा कार्यमा आवश्यक सहयोग र सहजिकरण जिल्ला प्रशासन कार्यालयबाट हुने भन्ने व्यहोराको च.नं. ४१६५, मिति २०८१/०२/३० को पत्र प्राप्त भएको छ।

यसै सन्दर्भमा सार्वजनिक जग्गामा भएको अनधिकृत अतिक्रमण हटाउदै जाने र सार्वजनिक जग्गाको संरक्षण गर्ने भनि नगर कार्यपालिकाको मिति २०८१/०२/३१ को सत्ताईसौ वैठकबाट समेत निर्णय भएकोले आ-आफ्नो नापी कित्ता र लालपूर्जाको क्षेत्रफल बाहिरका सार्वजनिक जग्गामा घर, टहरा, छाप्रा वा अन्य कुनै पनि संरचना नबनाउनु हुन र विगतमा बनाएको भए स्वयम् हटाउन, भत्काउन र खाली गरी, गराई पूर्ववत अवस्थामा फर्काउन हुनका लागि यो सूचना प्रकाशन गरिएको छ।

यदि कोही कसैले यो सूचनाको आदेश अवज्ञा गरी थप संरचना निर्माण गर्ने, पुरानो नहटाउने एवं सार्वजनिक जग्गा अतिक्रमण कार्यमा संलग्न भई गरेको पाईएमा कानून बमोजिम कार्वाही हुने व्यहोरा अनुरोध छ। यदी अवैध संरचना बलपूर्वक हटाउनु पर्ने अवस्था सृजना भएमा सोको लागत सम्बन्धित व्यक्तिबाट असुल उपर गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

२०८१/३/१२

हरिप्रसाद घिमिरे

प्रमुख प्रशासकीय अधिकृत

"व्यावसायिक र सृजनशील प्रशासन : विकास समृद्दि र सुशासन"

वेव:- www.manthalimun.gov.np इमेल:- ito.manthalimun@gmail.com, manthalinapa071@gmail.com